आज मिति २०८१/०७/०७ गते बुधबारका दिन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ को व्यवस्था अनुसार जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी श्री मीना अर्यालज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारको निर्णय गरियो।

<u>विशेष उपस्थिति:</u>

श्री श्री प्रसाद कार्की, उप-प्रमुख, जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम

<u>उपस्थिति:</u>

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा | पद |
|---|---|---|---|---|
| | श्री मीना अर्याल | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | प्र.जि.अ. | अध्यक्ष |
| | श्री सञ्जय कुमार तुम्बाहाङ्फे | म्याङलुङ नगरपालिका | नगर प्रमुख | सदस्य |
| | श्री जमुना मगर कार्की | लालीगुराँस नगरपालिका | सदस्य | सदस्य |
| | श्री दिल्ली राम नेपाल | नेपाली काङ्ग्रेस, तेह्रथुम | सचिव | सदस्य |
| | श्री गणेश सोदेम्वा | नेकपा एमाले, तेह्रथुम | उपसचिव | सदस्य |
| | श्री तेजमान लिम्बु | नेकपा माओवादी केन्द्र, तेह्रथुम | सचिव | सदस्य |
| | श्री भगवान रिजाल | जनता समाजवादी पार्टी, तेह्रथुम | प्रतिनिधि | सदस्य |
| | श्री टंक प्रसाद अधिकारी | राष्ट्रिय प्रजातन्त्र पार्टी, तेह्रथुम | अध्यक्ष | सदस्य |
| | श्री सविना राई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम | प्र.अ.अ. | सदस्य |
| | श्री रोशन कामती | जिल्ला प्रहरी कार्यालय, तेह्रथुम | प्र.नि. | सदस्य |
| | श्री मनोज कार्की | सशस्त्र प्रहरी बल नेपाल, नं. ३ गुल्म हे.क्वा. | स.प्र.नि. | सदस्य |

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा | पद |
|---|---|---|---|---|
| | श्री बुद्धिराज पयाङ्गु | म्याङलुङ न.पा. १ नं. वडा कार्यालय | वडाध्यक्ष | सदस्य |
| | श्री तारा कार्की गुरुङ | म्याङलुङ न.पा. ७ नं. वडा कार्यालय | वडाध्यक्ष | सदस्य |
| | श्री राकेश कुमार लिम्बु | म्याङलुङ न.पा. ९ नं. वडा कार्यालय | वडाध्यक्ष | सदस्य |
| | श्री कृष्णबाबु रिजाल | कोष तथा लेखा नियन्त्रक कार्यालय | कोष प्रमुख | सदस्य |
| | श्री लोकनाथ ढुंगाना | पशुसेवा विज्ञ केन्द्र तथा भेटेरिनरी अस्पताल, तेह्रथुम | का.प्र. | सदस्य |
| | श्री फडिन्द्र थापा | स्वास्थ्य कार्यालय, तेह्रथुम | का.प्र. | सदस्य |
| | श्री गोपाल कृष्ण लिम्बु | म्याङ्गलुङ्ग नगरपालिका,तेह्रथुम | नि.का.प्र. | सदस्य |
| | श्री वालकृष्ण ढुंगेल | शिक्षा विकास तथा समन्वय इकाइ, तेह्रथुम | का.प्र. | सदस्य |
| | श्री राजिव ढुंगाना | तेह्रथुम उद्योग वाणिज्य संघ, तेह्रथुम | अध्यक्ष | सदस्य |
| | श्री श्रीकृष्ण दाहाल | नेपाल रेडक्रस सोसाईटी, तेह्रथुम | सभापती | सदस्य |
| | श्री अमृत बास्तोला | नेपाल पत्रकार महासंघ, तेह्रथुम | अध्यक्ष | सदस्य |
| | श्री बद्री प्रसाद शाह | डिभिजन वन कार्यालय, तेह्रथुम | का.प्र. | सदस्य |
| | श्री शिव प्रसाद दाहाल | नेपाल टेलिकम, तेह्रथुम | नि.का.प्र. | सदस्य |
| | श्री भुवन सिं बुढाथोकी | कृषि ज्ञान केन्द्र, तेह्रथुम | का.प्र. | सदस्य |
| | श्री रेनुका भट्टराई | दलित सचेतना समाज,नेपाल | सदस्य | सदस्य |
| | श्री बिक्रम लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | स.प्र.जि.अ. | सदस्य सचिव |

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा | पद |
|---|---|---|---|---|
| | श्री दीपक आचार्य | फेदाप गाउँपालिका, तेह्रथुम | सव-इन्जीनियर | |
| | श्री सौन्दरिया सुहाङ | जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, तेह्रथुम | अ.छै | |
| | श्री राम प्रसाद भट्टराई | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | ना.सु. | |
| | श्री कृष्ण विदुखी | टी.टी.एम अनलाईन | पत्रकार | |
| | श्री बबिता राई | रेडियो मेन्छ्यायेम | प्रमुख समाचारवाचिका | |
| | श्री प्रतिमा ढकाल | नेपाल विद्युत प्राधिकरण | का.प्र. | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

निर्णयहरू:

१. २०८१/०६/०८ देखी २०८१/०६/१२ सम्म भएको अविरल वर्षात्का कारण गएको पहिरोबाट घर पुरिई पूर्ण नष्ट भएका निम्न व्यक्तिको लागि तत्कालै आवासको व्यवस्था गर्ने। जसका लागि जिल्ला विपद् व्यवस्थापन समितिबाट नियमानुसार पाउने रु. १,००,०००।- र म्याङलुङ नगरपालिका बाट प्रति परिवार रु. २,००,०००।- उपलब्ध गराउने। उक्त रकमको भुक्तानी घर निर्माणमा भएको प्रगतिको आधारमा गर्ने व्यवस्था मिलाउने। साथै घर निर्माणको लागि आवश्यक काठ सम्बन्धित सामुदायिक वनसँग समन्वय गरी डिभिजन वन कार्यालयले उपलब्ध गराउने। अन्य थप आर्थिक, प्राविधिक सहयोगका लागि (नियमानुसार) सम्बन्धित निकायमा पठाउने। यो सबै कार्यको नेतृत्व सम्बन्धित वडा अध्यक्ष र स्थानीय तहले गर्ने, जिल्ला प्रशासन कार्यालयले आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने।

२. जिल्लाभित्र यदि अरु कसैको घर पहिरोबाट पूर्ण नष्ट भई परिवार अन्यत्र बसोबास गरेको भएमा त्यसको जानकारी सम्बन्धित वडाले स्थानीय तह मार्फत जिल्ला प्रशासन कार्यालयमा पठाउने। स्थलगत अनुगमन पश्चात घर पूर्ण नष्ट भएकालाई लाभग्राही सूचीमा राखिने र माथि निर्णय नं. १ को प्रक्रियामा लगिने।

३. घरमा आंशिक क्षति भएकाहरूको सन्दर्भमा सो को विवरण जिल्ला प्रशासन कार्यालयमा नपठाएको भए सम्बन्धित वडाले प्रहरी मुचुल्का सहित क्षतिको अनुमानित विवरण (आवश्यक अन्य प्रमाण सहित) स्थानीय तह मार्फत जिल्ला प्रशासन कार्यालयमा ८ दिनभित्र अनिवार्य रूपमा पठाउने। त्यसरी प्राप्त क्षतिको अनुमानित रकम भुक्तानीको लागि गृह मन्त्रालय/राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) मा बजेट माग गर्ने।

४. उल्लिखित आंशिक क्षति भएका पीडितलाई सम्बन्धित वडा/पालिकाले समेत आवश्यक सहयोग गर्ने।

५. आंशिक क्षति भएकाहरूको लागि स्थलगत अनुगमन/निरीक्षण गरी जलश्रोत तथा सिंचाई विकास डिभिजन तेह्रथुमले आवश्यक जाली/ग्याबिन उपलब्ध गराउने।

६. २०८१/०६/०९-१२ सम्म पुष्पलाल (मध्यपहाडी) राजमार्गको म्याङलुङ-बसन्तपुर खण्डमा निरन्तर गइरहेको पहिरो खुलाई सवारी सूचारु गर्न जिल्ला प्रशासन कार्यालयले व्यवस्थापन गरेको २ वटा स्काभेटरको भाडा/ज्याला सम्बन्धमा निम्नानुसार गर्नेः

क. श्री मोहन कार्की फोन नं. ९८६२३५९०६ ले विपद्को समयमा सेवा दिइएकाले भाडा नलिने भएकोले उपयुक्त समयमा निजलाई जिल्ला प्रशासन कार्यालयले सम्मान गर्ने।

ख. श्री सविन नेपाल, फोन नं. ९८६६५४७००० ले मिति २०८१/०६/११ मा सेवा दिए वापतको रु. २१०००।-लालीगुराँस नगरपालिकाबाट भुक्तानी दिने।

७. पहिरोले क्षति (पूर्ण/आंशिक) पुगेका विद्युतका पोलहरूको मर्मत नेपाल विद्युत प्राधिकरण तेह्रथुम वितरण केन्द्रले तत्काले गर्ने।

८. पहिरोका कारण अन्न बालीमा पुगेको क्षतिको विवरण सम्बन्धित वडाले पालिका मार्फत कृषि ज्ञान केन्द्रमा पठाउने। कृषि ज्ञान केन्द्रले आवश्यक समन्वय र सहजीकरण गर्ने।

९. केही महिनाअघि फेदाप गाउँपालिका वडा नं. ४ सम्दूस्थित जालपादेवी प्रा.वि.को भवन पहिरोले पूर्ण नष्ट भएकोमा तत्काले नयाँ भवन बनाउन आवश्यक सम्पूर्ण प्रक्रिया कागजात कोशी प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाएकोमा हालसम्म यसमा कुनै प्रगति नभएकोले शीघ्र भवन निर्माणका लागि शिक्षा विकास तथा समन्वय इकाइले निरन्तर मन्त्रालयमा Follow Up र ताकेता गर्ने।

१०. पशुपन्छी सम्बद्ध प्राकृतिक प्रकोप, विपद्जन्य राहत वितरण कार्यक्रम कार्यान्वयनको लागि उद्योग कृषि तथा सहकारी मन्त्रालयको च.नं. ७९३ मिति २०८१/०६/१६ को माननीय मन्त्रीस्तरको निर्णय अनुसार भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र ले आ.व. २०८१/८२ को क्षति वापत राहत उपलब्ध गराउन विनियोजन भएको बजेटको परिधिभित्र रही विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ को उपदफा (१) बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय गरी राहत उपलब्ध गराउने भनी लेखी आएको हुँदा यस जिल्लामा हुने पशुपन्छीजन्य क्षतिको निम्न अनुसारको दरले भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र तेह्रथुमले राहत उपलब्ध गराउने।

निम्नः

| क्र.सं. | पशु/संरचना | प्रति पशु राहत |
|---|---|---|
| १. | गाई | रु. १५,०००।- |
| २. | भैंसी | रु. २०,०००।- |
| ३. | बाख्रा | रु. २,५००।- |
| ४. | बंगुर | रु. २,५००।- |
| ५. | बाच्छा/बाच्छी | रु. २,०००।- |
| ६. | गोठ | रु. १५,०००।- |
| ७. | खोर | रु. ८,०००।- |

११. हिंउदमा हुने अत्यधिक आगलागि सम्बन्धी विपद् रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि यस पूर्वका बैठकबाट भएको निर्णय बमोजिम तिहार लगत्तै प्रत्येक वडा/पालिका/डिभिजन वन कार्यालय/सामुदायिक वनले कम्तीमा १ वटा पोखरी निर्माण गरी त्यसको प्रगति जिल्ला प्रशासन कार्यालयमा पठाउने।

१२. सबै खाले विपद् सम्बन्धी घटना, सूचना तथा विवरण आदानप्रदान (Sharing) गर्न जिल्ला प्रशासन कार्यालयले करिब ४ महिनादेखी प्रयोगमा ल्याएको "विपद् सम्बन्धी Whatsapp समूह" को बढी भन्दा बढी प्रयोग गर्ने।